नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

(खेल[illegible] संस्था समन्वय शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या ०७८/०७९
चलानी नं :

मितिः २०७८।०९।२८

विषयः राष्ट्रिय स्वयंसेवा नीतिको (मस्यौदा), २०७८ मा सुझाव दिने सम्बन्धमा ।

स्वयंसेवा सम्बन्धी कार्यलाई मर्यादित र व्यवस्थित बनाउनका लागि राष्ट्रिय स्वयंसेवा नीतिको (मस्यौदा), २०७८ तयार भई मस्यौदालाई अन्तिम रुप दिने चरणमा मन्त्रालय क्रियाशील रहेको छ । उक्त मस्यौदाको प्रति यसै पत्रसाथ मन्त्रालयको वेभसाइट www.moys.gov.np मा Upload गरिएको छ । यो नीतिलाई कार्यमूलक र प्रभावकारी बनाउन सम्बन्धित संस्था, व्यक्ति तथा सरोकारबालाहरु सबैलाई २०७८ माघ १५ गतेसम्ममा मस्यौदा नीतिमा थप घट गर्नुपर्ने केही विषयहरु भए यस मन्त्रालयको इमेल info@moys.gov.np मा नीति सुझावहरु लिखित रुपमा प्रस्तुत गर्नहुन अनुरोध गरिन्छ ।

डा. कृष्णबहादुर घिमिरे
उपसचिव

फोन नं.:- ४२००५४२ (प्रशासन), ४२००५५३ (योजना), ४२००५४४ (युवा), ४२००५५० (खेलकुद), ४२००५४३ (आ.प्र)
फ्याक्स नं. : ४२००५५२, इमेल: info@moys.gov.np, वेभसाइट: www.moys.gov.np

युवा तथा खेलकुद मन्त्रालयको लागि
नीति अनुसन्धान प्रतिष्ठानद्वारा
प्रस्तुत

# राष्ट्रिय स्वयंसेवा नीति, २०७८

(मस्यौदा)

सानो गौचरन, काठमाडौं
कार्तिक २०७८

# विषयसूची

१. पृष्ठभूमि ........ १
१.१ बिगतको सर्न्दभ ........ १
१.२ वर्तमान अवस्थाको समीक्षा ........ १
१.३ समस्या, चुनौती र अबसर ........ २
१.३.१ समस्या ........ २
१.३.२ चुनौती ........ ३
१.३.३ अवसर ........ ४
१.४ नीतिको आवश्यकता पहिचान र औचित्य ........ ६
१.५ परिभाषा ........ ७
२. नीति मार्गदर्शन ........ ८
२.१ नीति सञ्चालनका मार्गदर्शक सिद्धान्त र आधारहरु ........ ८
२.२ दूरदृष्टि (Vision) ........ ९
२.३ लक्ष्य (Mission) ........ १०
२.४ उद्देश्य (Objectives) ........ १०
३. नीति मार्गदर्शनका प्रमुख अंगहरू : नीतिगत प्रावधान, रणनीति र कार्यनीति ........ ११
४. नीति कार्यान्वयनका आधारहरु ........ २४
४.१ संस्थागत संरचना ........ २४
४.२ वित्तीय स्रोत व्यवस्थापन ........ २७
४.३ भौतिक पूर्वाधार तथा उपकरण ........ २८
४.४ कानूनी व्यवस्था ........ २८
४.५. अर्न्तनीति समन्वय ........ २९
४.६. अर्न्तमन्त्रालय समन्वय ........ २९
४.७. जोखिम व्यवस्थापनः ........ २९
५. नीति अनुगमन, समिक्षा तथा पुनराबलोकन ........ ३१

# स्वयंसेवा नीति, २०७८

(मस्यौदा)

## खण्ड १. पृष्ठभूमि

### १.१ बिगतको सन्र्दभ

नेपाली समाजमा स्वयंसेवा मौलिक परम्पराकै रुपमा रहेको छ । धार्मिक, साँस्कृतिक र सामाजिक परम्परा र मानविय भावनाका आधारमा आर्थिक तथा भौतिक लाभको अपेक्षा नराखी अरुको सेवा गर्ने प्रचलन र परम्परा हाम्रो समाजमा विद्यमान छ । 'सेवा नै धर्म हो' भन्ने पूर्वीय दर्शनको मान्यता रहेको छ भने लाभको आशा नगरी पवित्र उदेश्यले परोपकार गर्दा धर्म प्राप्त हुने धार्मिक मान्यता नेपाली समाजमा परापुर्बकालदेखि रहेको पाईन्छ ।

### १.२. वर्तमान अवस्थाको समीक्षा

परापूर्वकालदेखि चलिआएको स्वयंसेवा समयक्रममा बिकसित हुँदै आए पनि सम्वत् २०२८ सालमा नेपाल सरकारले नयाँ शिक्षा योजना लागु गरेपछि धार्मिक, साँस्कृतिक, र सामाजिक हिसावले अनुसरण गरिदै आएको स्वयंसेवाको दायरालाई अलि फराकिलो बनाई उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरूले "राष्ट्रिय विकास सेवा" कार्यक्रमको नाममा अनिवार्य रूपमा दुर्गम तथा ग्रामीण भेगमा गएर १० महिना सेवा गर्नुपर्ने व्यवस्था गरियो । यो कार्यक्रम उपलब्धिमुलक र प्रभावकारी भएर पनि राजनीतिक कारणले निरन्तरता पाउन सकेन ।

सम्वत् २०४५ सालपछि स्वास्थ्य सेवाका क्षेत्रमा अलि भिन्न शैलीमा परिचालन भएको महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम हालसम्म पनि निकै प्रभावकारी देखिएको छ । नेपाल रेडक्रस सोसाईटी, नेपाल स्काउट, राष्ट्रिय सेवा दल, सामाजिक संघसंस्था लगायत विभिन्न स्वदेशी तथा विदेशी स्वयंसेवकहरूले मुलुकका विभिन्न क्षेत्र र भूभागमा आर्थिक, सामाजिक, कृषि, स्वास्थ्य र शैक्षिक क्षेत्रको विकास लगायतमा स्वयंसेवा गर्दै आएका छन् । यस्ता स्वयंसेवकहरूले नेपालका ग्रामीण एवम् दुर्गम क्षेत्रमा आर्थिक एवम् सामाजिक रुपान्तरणको दिशामा उल्लेखनीय सहयोग पुऱ्याई रहेका छन् ।

आर्थिक वर्ष २०५५/०५६ देखि नेपाल सरकारबाट 'दक्ष व्यक्तिहरूलाई अल्प समयको रोजगारी दिने, सार्वजनिक सेवा प्रवाहमा सहजीकरण गर्ने, गरिवी न्यूनीकरण गर्ने लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउने र समुदायस्तरबाटै स्वयंसेवी भावनाको प्रवर्द्धन गर्ने' उद्देश्यका साथ राष्ट्रिय विकास स्वयंसेवक कार्यक्रम पनि सञ्चालनमा आएको छ ।

अहिले पनि मुलुकमा धेरै सामाजिक तथा सामुदायिक संस्थाहरूले स्वत:स्फूर्त रूपमा परोपकार तथा सेवाभावबाट उत्प्रेरित भई स्वयंसेवका विविध किसिमका काम तथा सेवा प्रवाह गरिरहेका छन् । स्थानीय स्तरमा काम गर्ने टोल विकास समिति, उपभोक्ता समिति, महिला समूह, बाल क्लव, युवा क्लवदेखि अन्तर्राष्ट्रिय रूपमा सञ्जाल भएका रेडक्रस, लियो, लायन्स, जेसिस, रोटरी, स्काउट, भि.एस.ओ., यु.एन.भि. लगाएतका सङ्घ संस्थामा आवद्ध ब्यक्तिहरू कुनै न कुनै रूपमा स्वयंसेवाको भावनाबाट प्रेरित भएर काम गरिरहेका छन् ।

तर अहिलेको परिवर्तित सन्दर्भमा छरिएर रहेको स्वयंसेवालाई थप ब्यबस्थित र प्रभाबकारी बनाउन आबश्यक छ । त्यसैले मुलुकको विकास र समाजको समृद्धिको माध्यमको रूपमा स्वयंसेवालाई व्यापक र व्यवस्थित तरिकाले अभियानको रूपमा परिचालन गरी मुलुकले अघि सारेको विकास र समृद्धिको लक्ष्य हासिल गर्नमा योगदान पुर्‍याउनु पर्ने आवश्यकताको लागि राष्ट्रिय स्वयंसेवा नीतिको आवश्यकता परेको हो ।

## १.३ समस्या, चुनौती र अबसर

### १.३.१ समस्या

- पहिलो, स्वयंसेवालाई अर्थोपार्जनको माध्यम बनाउने, सस्तो लोकप्रियताका लागि यसको मर्म विपरीतका क्रियाकलाप गर्ने वा स्वयंसेवाका नाममा वर्जित क्रियाकलाप गर्ने संस्कार बढ्दै गइरहेको ।
- दोश्रो, मुलुक सङ्घीय शासन प्रणालीमा प्रवेश गरिसकेपछि स्वयंसेवा कार्यक्रम पनि सङ्घीयताको मर्म अनुरूप नै सञ्चालन हुन आवश्यक । तीनै तहका सरकारको बिचमा समन्वयात्मक ढङ्गले स्वयंसेवा परिचालन गर्ने सन्दर्भमा छाता नीति नहुँदा यसको मर्म अनुसार काम हुन नसकेको ।
- तेस्रो, स्वयंसेवा, खासगरी प्रकोपको समयमा, अब्यबस्थित, संयोजनबिहीन र प्रभाबकारी नहुँदा बिभिन्न प्रकारका जटिलता सिर्जना भएको ।

- चौथो, भूरणनीतिक हिसाबले नेपाल संवेदनशील ठाउँमा अवस्थित भएकोले स्वयंसेवाको नाममा हुन सक्ने अबान्छित कृयाकलापहरु बढन सक्ने देखिएको ।

### १.३.२ चुनौती

स्वयंसेवा जस्तो पवित्र कार्यलाई यसको मर्म र भावना अनुरूप अघि बढाउने सन्दर्भमा देखिएका चुनौतीहरू निम्न छन् ।

(क) तलवी र रोजगारमूलक कार्यक्रमहरूलाई पनि स्वयंसेवाको वर्गीकरणभित्र राखी कार्य सञ्चालन गर्ने प्रवृत्तिको विकास हुनु ।

(ख) स्वयंसेवा गर्न सक्ने जनशक्ति र स्वयंसेवकहरू मार्फत् गराउन सकिने कार्यहरू व्यापक र असङ्ख्य भएकाले यसलाई सीमाङ्कन र प्राथमिकता निर्धारण गर्न कठिन हुनु ।

(ग) स्वयंसेवकको रुपमा परिचालित हुन सम्भाव्य जनशक्तिलाई स्वयंसेवा बारे सचेत, उत्प्रेरित र तत्पर बनाउन नसक्नु ।

(घ) विभिन्न तहका सरकार, अन्य सार्वजनिक तथा सामुदायिक निकायहरूमा स्वयंसेवकहरूबाट गराउन सकिने काम वा सेवाहरूको पहिचान गर्ने, स्वयंसेवक माग गर्ने र उनीहरूलाई परिचालन गर्ने सम्बन्धमा वैज्ञानिक र वस्तुवादी सोच, ज्ञान, सीप, क्षमता र एकीकृत दृष्टिकोणको अभाव हुनु ।

(ङ) सार्वजनिक, सामुदायिक र निजी क्षेत्रको बिचमा स्वयंसेवा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न स्वयंसेवक आपूर्ति हुने क्षेत्र, निकाय तथा समुदाय र स्वयंसेवकहरूको खाँचो तथा माग भएको क्षेत्र, निकाय वा समुदायहरूको बिचमा समन्वय, सम्पर्क तथा सहकार्यको अभ्यास नहुनु ।

(च) स्वयंसेवक परिचालन गर्न आईपर्ने विभिन्न किसिमका कानूनी, प्रशासनिक तथा प्रक्रियागत झमेलालाई सरल, स्पष्ट र पारदर्शी बनाउनुपर्ने आवश्यकता खट्किए तापनि त्यो नहुनु ।

(छ) स्वयंसेवा कार्यक्रमहरुका उपलब्धिको मापन गर्न उपयुक्त, प्रभावकारी र पारदर्शी अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास हुन नसक्नु ।

(ज) स्वयंसेवकहरूको माग, आपूर्ति, परिचालन, अनुगमन तथा मूल्याङ्कन र उपलब्धिलाई सुव्यवस्थित, छरितो र पारदर्शी बनाउन सूचना प्रविधिको अधिकतम उपयोग गर्न नसक्नु ।

(झ) स्वयंसेवा कार्यक्रमलाई सुरक्षित, मर्यादित र अनुशासित बनाउन नसक्नु र दक्ष, अर्धदक्ष र अदक्ष स्वयंसेवकको बर्गीकरण नहुनु ।

(ञ) स्वयंसेवकहरूलाई उनीहरूको योगदानको कदर स्वरूप सम्मान र पुरस्कारको मध्यमबाट प्रोत्साहित गर्ने अभ्यास नहुदा स्वयंसेवा कार्य स्वतःस्फूर्त रुपमा अघि बढ्न नसक्नु ।

(ञ) स्वास्थ्य/शिक्षा जस्ता दीर्घकालीन खालका स्वयंसेवाको क्षेत्रमा परिचालित व्यक्ति महिला भए पनि यसको नीति निर्माण तहमा उनिहरुको न्यून सहभागिता हुनु ।

**१.३.३ अवसर**

स्वयंसेवा आफैमा परोपकारी र लोक कल्याणकारी कार्य भएको र यसबाट समाजमा "बसुधैव कुटुम्बकम्" को भावना जागृत गर्न स्वयंसेवालाई व्यवस्थित, मर्यादित र आत्मसम्मान योग्य बनाउन निम्न अवसरहरु पहिचान गरिएको छ ।

(क) हाम्रा धार्मिक, साँस्कृतिक र परम्परागत अभ्यासहरूमा स्वयंसेवा र परोपकारका कार्यहरूलाई धर्म तथा पुण्य कमाउने सत्कर्मका रूपमा लिने गरिएको छ । यसैको माध्यमबाट प्रतिकूल अवस्थामा पनि समाजमा सेवाभाव र सहिष्णुताको विकास गर्न सकिने ।

(ख) सङ्घीय शासन प्रणालीमा स्वयंसेवक परिचालन सम्बन्धी विषय सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारको जिम्मेवारीभित्र परेको अवस्थामा स्वयंसेवा कार्यलाई समन्वयात्मक ढङ्गबाट देशव्यापी रुपमा विस्तार गर्न सकिने ।

(ग) जनताको बढदो आर्थिक हैसियत र बढ्दै गएको शहरी तथा शिक्षित जनसङ्ख्याको कारण मुलुकको दुर्गम तथा ग्रामीण भेगमा गएर स्वयंसेवा गर्न इच्छुक जनशक्तिको आकार समेत निरन्तर बढ्दै गएको हुँदा स्वयंसेवाको दायरालाई अझै फराकिलो बनाउन सकिने ।

(घ) देशमा विद्यालय तथा विश्वविद्यालयहरू, शिक्षक तथा विद्यार्थीहरूको संख्या वृद्धि हुँदै गइरहेको सन्दर्भमा स्वयंसेवालाई शैक्षिक अलावा सामाजिक चेतना अभिवृद्धि, सोच र व्यवहार परिवर्तन कार्यसँग जोड्न सकिने ।

(ङ) निजी क्षेत्रका उद्यमी व्यवसायी, प्रतिष्ठान तथा उनीहरूका प्रतिनिधि सङ्घ संस्थाहरूले सस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत सेवामूलक काममा पनि अनिवार्य रुपमा लगानी गर्नुपर्ने कुरालाई संहिताले नै सुनिश्चितता गरेको हुँदा सोही अन्तर्गत स्वयंसेवाका कार्यलाई समेट्न सकिने ।

(च) गैरआवासीय नेपालीहरूमा केही समयको लागि स्वदेशमा आई सेवा गर्ने चाहना र भावनाको विकास हुँदै गइरहेको सन्दर्भमा त्यसलाई स्वयंसेवासँग जोड्न सकिने ।

(छ) पर्यटन व्यवसायीहरूले पर्यटकहरूको चाहना बमोजिम कुनै स्थान विशेषमा घुम्न र स्वयंसेवा गर्न चाहनेहरूका लागि “स्वयंसेवा पर्यटन” (Volunteer Tourism) को अवधारणा बिकास गरेको अवस्थामा नेपाल पर्यटकका लागि आकर्षक गन्तव्य समेत भएकाले विदेशी तथा आन्तरिक पर्यटकहरूलाई लक्षित गरी स्वयंसेवा पर्यटनको रूपमा नयाँ कार्यक्रम सञ्चालन गर्न सकिने ।

(ज) शैक्षिक बेरोजगार तथा सीप सिकेर पनि तत्काल रोजगारीमा आवद्ध भइनसकेका युवा वर्ग, अवकाशप्राप्त राष्ट्रसेवक कर्मचारीहरू वा जेष्ठ नागरिकहरुलाई उनीहरूको इच्छा अनुसार स्वयंसेवा कार्यक्रममा परिचालन गरी उनीहरूमा निहित ज्ञान, सीप र अनुभवलाई देशको हितमा उपयोग गर्न सकिने सम्भावना रहेको तथा अध्ययनरत युवाहरुलाई शिक्षाको औपचारिक कोर्षको अभिन्न अंगको रुपमा इन्टर्नसीपको व्यवस्था गर्न सकिने ।

(झ) परराष्ट्र नीति तथा वैदेशिक सहायता नीति मार्फत् पनि विदेशी मुलुकहरूबाट आउने स्वयंसेवकहरूको सङ्ख्यामा आवश्यकता अनुसार वृद्धि गर्न सकिने ।

(ञ) मुलुकभित्र समाजसेवा गर्ने उद्देश्य राखेर स्थापना भएका विविध प्रकारका सामाजिक र सामुदायिक सङ्घ, संस्था, गुठी, र संजालहरूले गरिरहेका स्वयंसेवालाई थप प्रभावकारी बनाई परिचालन गर्न सकिने ।

(ट) सेवाको प्रकृति र सेवा प्रदायकको अनुकूलताका आधारमा आंशिक समय पनि काम गर्न सकिने र प्रविधिको क्षेत्रमा भएको विकासको कारण त्यस्तो काम अनलाइन मार्फत् सेवा

प्रदायकले आफनै घरबाट सेवा प्रदान गर्न सक्ने (Work from home) हुँदा विशेषज्ञ सेवालाई पनि स्वयंसेवासँग जोड्न सकिने ।

(ठ) स्वयंसेवा बारे जानकारी, स्वयंसेवकहरूको माग संकलन र आपूर्ति व्यवस्थापन तथा त्यसको अनुगमन र मूल्याङ्कन लगायतका कार्यमा आधुनिक प्रविधिको उपयोग गर्न सकिने।

(ड) गाउ र शहर, एक समुदायवाट अर्को समुदाय वा एक भूगोलवाट अर्को भूगोलमा गै काम गर्ने र समाजमा रहेको विविधतालाइ नजिकवाट अनुभूत गर्ने अवसर सिर्जना गर्न सकिने।

## १.४ नीतिको आवश्यकता पहिचान र औचित्य

प्रविधिको विकाससँगै साँघुरिंदै गएको आजको परिवेशमा देशको मौलिक मान्यतालाई जोगाउँदै समाज सेवाको माध्यमद्वारा समुदाय, समाज र राष्ट्रकै एकता र उत्थनका लागि हातोमालो गर्नु, समाजको सीमान्तीकृत लिंग वर्ग, क्षेत्र र समुदायको सशक्तीकरण र मूलप्रवाहीकरण गर्दै राष्ट्रको सामाजिक तथा आर्थिक विकासमा योगदान पुऱ्याउनु नागरिक कर्तव्य भित्रै पर्दछ । यो तथ्यलाई नेपालको संविधानको धारा ४८ (ग) मा राज्यले चाहेको बखत अनिवार्य सेवा गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भनेर पुष्टि गरेको छ । त्यसैगरी, संविधानका धारा ५१ को खण्ड (च) को (३) मा "राज्यले विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने", सोही धाराको खण्ड (ञ) को (७) मा राज्यको सर्वाङ्गीण विकासमा युवाहरूको योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने नीति अवलम्बन गरिने भनिएको छ । मुलुकले सङ्घीय शासन प्रणाली अङ्गीकार गरि तीनै तहका सरकारबिच अधिकारको प्रयोग तथा स्रोतसाधन उपयोगको समेत बाँडफाँट भइसकेको परिप्रेक्षमा परोपकार, सामाजिक कल्याण र सामाजिक रुपान्तरण लगायतका स्वयंसेवा नियमन, प्रवर्द्धन तथा व्यवस्थित गर्न संघिय तहमा बृहत्तर नीतिको माध्यमबाट स्वयंसेवा जस्तो स्वार्थरहित, परोपकारी र पवित्र कार्यलाई नीतिद्वारा नै व्यवस्थित, मर्यादित, सुरक्षित र आत्मसम्मान योग्य बनाउनु वान्छनीय देखिन्छ ।

अतः यो नीतिबाट विभिन्न स्वरूप, क्षेत्र र प्रावधान अर्न्तगत प्रचलनमा रहेको स्वयंसेवालाई फराकिलो दायराबाट समन्वयात्मक र एकीकृत गर्दै राष्ट्रिय स्वयंसेवाको रूपमा विस्तार गर्न, स्वयंसेवाका सम्भावित क्षेत्र र आवश्यकता पहिचान गरी स्रोतहरूको अधिकतम उपयोग गरी राज्यले अख्तियार गरेको आर्थिक, सामाजिक विकासका लक्ष्यहरू हासिल गर्न, स्वयंसेवाका कार्यक्रमलाई स्पष्ट लक्ष्य, उद्देश्य र मार्गदर्शनका साथ व्यवस्थित, अनुशासित र मर्यादित रुपमा

सञ्चालन गर्न, स्वयंसेवालाई राष्ट्रिय समृद्धिको सम्बाहकको रुपमा स्थापित गर्न, स्वयंसेवक परिचालन सम्बन्धमा रहेका नीतिगत अस्पष्टता र अन्यौलता हटाउन, स्वयंसेवकको माग र आपूर्तिकर्ता पक्षबिच उपयुक्त समन्वय र सन्तुलन कायम गर्न र स्वयंसेवक परिचालन सम्बन्धमा तीनै तहका सरकारको बिचमा समन्वय, सन्तुलन र सहकार्यको भावनालाई व्यवहारिक र व्यवस्थित रुपमा अभिवृद्धि गर्न राष्ट्रिय स्वयंसेवा नीतिको आवश्यकता महसुस गरी यो नीति जारी गरिएको छ ।

**१.५ परिभाषा**

यो नीतिको प्रयोजनको लागि स्वयंसेवा भन्नाले आर्थिक, भौतिक र अन्य कुनै किसिमको लाभको अपेक्षा नगरी निस्वार्थ, स्वेच्छापूर्वक र पवित्र भावले परोपकार वा समाज सेवामा समर्पित रहने कार्यलाई जनाउँछ । आजको बदलिँदो विश्व परिवेशको सन्दर्भमा सरकारी वा गैर सरकारी सङ्घ-संस्था वा निकाय र व्यक्तिका तर्फबाट तोकिएका शर्तभित्र रही वैयक्तिक आर्थिक वा अन्य प्रतिफलको अपेक्षा बिना निशुल्क वा सामान्य जीबन धान्न आबश्यक न्यूनतम भइपरि आउने खर्च वा सुबिधाबाट सामाजिक सद्भाव, सहिष्णुता, सह-अस्तित्वको बिकास वा सुदृढीकरण र सहकार्यको संस्कृति विकास गर्न वा आर्थिक रूपमा कमजोर वर्ग, समुदाय वा क्षेत्रको उत्थानका लागि वा अन्य लोक कल्याणकारी उद्देश्यको लागि गरिने कार्यलाई स्वयंसेवा भनिन्छ ।

साथै यो नीतिको सम्बन्धमा स्वयंसेवामा संलग्न स्वयंसेवकलाई निम्न समुह मा बिभाजन गरिएको छः क) स्वास्थ्य सेवासंग सम्बन्धित स्वयंसेवक, ख) सार्बजनिक निर्माण सेवासंग सम्बन्धित स्वयंसेवक, ग) पर्यटन सेवासंग सम्बन्धित स्वयंसेवक, घ) अनुसन्धानसंग सम्बन्धित स्वयंसेवक, ङ.) शिक्षा सेवासंग सम्बन्धित स्वयंसेवक, च) कृषि, पशु, बन सेवासंग सम्बन्धित स्वयंसेवक, छ) सामुदायीक बिकास सेवासंग सम्बन्धित स्वयंसेवक, ज) आकस्मिक तथा प्रकोप सेवासंग सम्बन्धित स्वयंसेवक, झ) अन्य सेवा ।

## खण्ड २. नीति मार्गदर्शन

नेपालको संविधानद्वारा निर्देशित राज्यका नीति, सिद्धान्त तथा आफ्नै मौलिक परम्परा समेतको आधारमा राज्यले अवलम्बन गरेका आर्थिक सामाजिक विकासका लक्ष्य प्राप्तिका लागि राष्ट्रिय स्वयंसेवा नीति परिचालन गरिनेछ । यसको लागि मार्गदर्शक सिद्धान्त र यो सञ्चालनका आधारहरु निम्न अनुसार छन् ।

### २.१ नीति सञ्चालनका मार्गदर्शक सिद्धान्त र आधारहरु

**नीति सञ्चालनका मार्गदर्शक सिद्धान्तहरू**

राष्ट्रिय स्वयंसेवा नीति निम्नानुसारका मार्गदर्शक सिद्धान्तहरूबाट निर्देशित रहने छ ।

(क) स्वतन्त्रता, मानव अधिकार, सामाजिक न्याय तथा संविधान र देशका अन्य प्रचलित कानून बमोजिम प्रदत्त हक अधिकारप्रति पूर्ण सम्मान र कर्तव्य पालनाप्रति पूर्ण प्रतिवद्ध हुने ।

(ख) परोपकार र सामाजिक सेवा नागरिक कर्तव्य र दायीत्व हो भन्ने मान्यताप्रति दृढ सङ्कल्पित रहने ।

(ग) करकाप वा बाध्यता विना स्वेच्छापूर्वक स्वयंसेवामा सहभागिता जनाउन पाइने ।

(घ) स्वयंसेवा मुनाफा गर्ने वा आर्थिकोपार्जन गर्ने माध्यम हैन भन्ने आधारभूत सैद्धान्तिक मान्यतामा अडिग रहने ।

(ङ) सुरक्षित र विना भेदभाव स्वयंसेवा कार्यमा सहभागी हुन सबैलाई समान अवसरको सिद्धान्तको पालना गर्ने ।

(च) परोपकार, सामाजिक सदभाव र सह-अस्तित्व वृद्धिको लागि अनुशासित, मर्यादित र सुरक्षित स्वयंसेवाको सिद्धान्तलाई आत्मसात् गर्नु पर्ने ।

(छ) स्वयंसेवीहरूलाई कुनै राजनीतिक वाद वा दर्शनमा आधारित भएर दल विशेषको प्रचारप्रसारमा वा विरुद्धमा तथा धार्मिक आस्था परिबर्तन जस्ता कृयाकलापमा संलग्न गराउनु हुन्न भन्ने निष्पक्षताको मान्यताप्रति पूर्ण प्रतिवद्ध रहने ।

**नीति सञ्चालनका आधारहरु**

यो राष्ट्रिय स्वयंसेवा नीति देहाय बमोजिमका विषयवस्तुमा आधारित भएर सञ्चालन हुनेछ ।

(क) नेपालको संविधान र प्रचलित ऐन कानूनहरु ।

(ख) नेपाल सरकारले जारी गरेका स्वयंसेवा अभियानसँग सरोकार राख्ने नीति, कार्यनीति र प्रतिवद्धताहरू ।

(ग) संयुक्त राष्ट्रसङ्घले स्थापित गरेको स्वयंसेवा कार्यक्रम सम्बन्धी मान्यता र सिद्धान्तहरू ।

(घ) विदेशी स्वयंसेवक परिचालन गर्ने सम्बन्धमा राज्यले गरेका द्विपक्षीय तथा बहुपक्षीय सन्धि सम्झौताहरू ।

(ङ) समय सापेक्ष स्थापित सामाजिक प्रचलन, अभ्यास र अनुभवहरू ।

**नीति सञ्चालनका आधारभूत शर्तहरू**

नीति सञ्चालनका आधारभूत शर्तहरू निम्नानुसार हुनेछन् ।

(क) स्वयम्सेवक परिचालन सम्बन्धमा यो नीति मूल नीति हुनेछ । सङ्घीय सरकारका अन्य निकायहरूले स्वयंसेवा सम्बन्धी अन्य क्षेत्रगत तथा विषयगत नीति बनाउँदा तथा स्वयंसेवा सम्बन्धी योजना तर्जुमा गर्दा यो नीतिको प्रतिकूल नहुने गरी तयार गर्नुपर्नेछ ।

(ख) स्वयंसेवासँग सम्बन्धित विषयमा सङ्घीय, प्रादेशिक तथा स्थानीय तहबाट बनाइने अन्य क्षेत्रगत तथा विषयगत नीतिहरू यस नीतिको परिपूरकको रूपमा रहनेछन् । तीनै तहका सरकारहरूले स्वयंसेवासँग सम्बन्धित कार्यक्रम बनाउँदा यो नीतिलाई मार्गदर्शनको रुपमा लिई समन्वयात्मक एवम् परिपूरकका रूपमा बनाउनु पर्नेछ ।

(ग) स्वयंसेवा उपलब्ध गराउन चाहने व्यक्ति, संघ-संस्था, निकाय वा देशले नेपालमा स्वयंसेवीहरू परिचालन गर्दा नेपालको भौगोलिक अखण्डता, सामाजिक सदभाव, राष्ट्रिय एकता, तथा नेपालको परराष्ट्र नीतिमा आच आउने कृयाकलापहरु संचालन गर्न पाइने छैन ।

## २.२. दूरदृष्टि (Vision)

स्वयंसेवा राष्ट्रिय संस्कृतिको रुपमा विकसित भई मुलुकको सामाजिक, साँस्कृतिक एवम् आर्थिक रूपान्तरण भएको हुनेछ ।

### २.३. लक्ष्य (Mission)

स्वयंसेवालाई फराकिलो ऐकीकृत, व्यवस्थित, मर्यादित र आत्म सम्मान योग्य बनाई "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय लक्ष्य प्राप्तिमा योगदान पुर्‍याउनु यो नीतिको मुख्य लक्ष्य हुनेछ ।

### २.४. उद्देश्य (Objectives)

यस नीतिका उद्देश्यहरू देहाय बमोजिम निर्धारण गरिएको छः

(क) स्वयंसेवा मार्फत नागरिकमा मुलुक प्रतिको कर्तव्यवोध र गौरवको भावना अभिवृद्धि गर्दै राष्ट्र र नागरिक बीचको सम्बन्धलाई सुदृढ पार्नु ।

(ख) देशमा उपलब्ध जनशक्तिको ज्ञान, सिप र क्षमताको अधिकतम परिचालन गरी राष्ट्रिय नीति, योजना र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनबाट "समृद्ध नेपाल, सुखी नेपाली" को परिकल्पनालाई साकार पार्न योगदान गर्नु तथा सामाजिक, लोक कल्याणकारी तथा सामाजिक कामहरू मार्फत समाजसेवा अभिबृद्धि गर्नु ।

(ग) परोपकार, दान र सेवा जस्ता परम्परागत धार्मिक-साँस्कृतिक मूल्य–मान्यताको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गर्दै समाजसेवा मार्फत समाज विकास र सामाजिक समृद्धिमा टेवा पुऱ्याउनु ।

(घ) प्रकोप वा आपतकालीन अवस्थामा सेवा गर्न स्वयंसेवीहरूलाई प्रेरित गर्नु तथा तत्पर तुल्याउनु ।

(ङ) स्वयंसेवाको दायरालाई फराकिलो बनाई ऐकीकृत, व्यवस्थित र समन्वयात्मक रूपमा स्वयंसेवाका कार्यक्रमहरू सञ्चालन गरी सामाजिक सद्भाव, एकता र सहिष्णुता अभिवृद्धि गर्दे सार्वजनिक हित तथा आम नागरिकसंग प्रत्यक्ष सरोकार राख्ने सामाजिक कार्यक्रमहरु संचालन गर्नु ।

(च) स्वयंसेवा कार्यक्रमलाई सुरक्षित, मर्यादित, व्यवस्थित र आत्मसम्मान योग्य बनाउनु ।

(छ) समाजमा विद्यमान विभेदको अन्त्य गरी सामाजिक रुपान्तरणको राष्ट्रिय अभियानमा सहयोग पुर्याउनु ।

## खण्ड ३. नीति मार्गदर्शनका प्रमुख अंगहरू: नीतिगत प्रावधान, रणनीति र कार्यनीति

यो राष्ट्रिय स्वयंसेवा नीति, २०७८ मा देहाय बमोजिमका नीति प्राबधान (policy statement), रणनीति तथा कार्यनीतिहरू निर्धारण गरिएका छन् ।

**१) नीति प्रावधान[1] (policy statement) १: नेपाली समाजको सम्पत्तिको रूपमा रहेको स्वयंसेवाको भावना र परम्परालाई नागरिक कर्तव्यका रुपमा प्रवर्द्धन गरिने छ ।**

नीति प्रावधान (policy statement) १ सम्बन्धी कार्यान्वयनका रणनीति:

**रणनीति १:** स्वयंसेवामा सहभागिता बढाई प्रचलनमा रहेको स्वयंसेवा र यसको माध्यमबाट नागरिकले राष्ट्रप्रति पुर्याउने योगदानको रूपमा विकास र प्रवर्द्धन गर्न सचेतनाका सबै माध्यमहरु उपयोग गरिने छ ।

नीति प्रावधान (policy statement) १ सम्बन्धी रणनीति कार्यान्वयनको कार्यनीति:

**कार्यनीति १:** ऐतिहासिक कालदेखि अभ्यासमा रहेको स्वयंसेवा सम्बन्धी कामहरुको दस्तावेज तयार गरी यी अभ्यासको विशिष्टता र समसामयिकताको आधारमा स्वयंसेवाका अभ्यासहरुको प्रवर्द्धन तथा सम्वर्द्धन गरिने छ ।

**कार्यनीति २:** स्वयंसेवा कार्यक्रमको आवश्यकता र महत्व तथा यस कार्यक्रममा संस्थागत एवम् व्यक्तिगत सहभागिताको सम्बन्धमा आवश्यक सचेतना अभिवृद्धि र सूचना प्रवाहित गर्न स्थानीय र केन्द्रीय स्तरका सबै प्रकारका सञ्चार माध्यमहरू उपयोग गरिने छ ।

**कार्यनीति ३:** विद्यालय तहबाटै पाठ्यक्रम, पाठ्यपुस्तक तथा अतिरिक्त क्रियाकलापजन्य सामग्रीहरूमा स्वयंसेवा सम्बन्धी जानकारीमूलक र उत्प्रेरणामूलक सामग्रीहरू समावेश गरिने छ ।

**कार्यनीति ४:** निजी क्षेत्रका उद्यमी व्यवसायी, सामाजिक तथा सामुदायिक सङ्घ-संस्था, गैर आवासीय नेपालीसँग सम्वद्ध सङ्घ-संस्था, शैक्षिक संस्था, पेशागत सङ्गठन, विभिन्न गैर सरकारी सङ्घ-संस्था, सामुदायिक संस्था र सङ्गठनहरूसँग अन्तरक्रिया र समन्वय गरी स्वयंसेवा कार्यक्रममा सहभागी हुन प्रोत्साहित गरिने छ ।

[1] हालसम्म प्रचलित अभ्यासमा समग्र दस्तावेजलाई पनि नीति र नीतिका खास प्रावधानलाई पनि नीति नै भन्ने गरेको र यसले अवधारणागत र व्यावहारिक अस्पष्टता बढाएकोले यसलाई नीति प्रावधान नामकरण गरिएको छ |

**२) नीति प्रावधान (policy statement) २: सहज र अनुकूल वातावरण सिर्जना गरी स्वयंसेवालाई प्रोत्साहित गरिने छ।**

<u>नीति प्रावधान (policy statement) २ सम्बन्धि कार्यान्वयनको रणनीति:</u>

**रणनीति १:** स्वयंसेवा परिचालन सम्बन्धी उपयुक्त कानूनी व्यवस्था तथा कार्यविधिको विकास गरी स्वयंसेवा परिचालनको प्रक्रियालाई सामाजिक न्यायमा आधारित मर्यादित, पारदर्शी, स्पष्ट र सरल बनाई स्वयंसेवीहरूलाई आकर्षित गरिनुका साथै स्वयंसेवा परिचालन सम्बन्धी अन्तर्राष्ट्रिय अनुभवको पनि उपयोग गरिने छ।

<u>नीति प्रावधान (policy statement) २ सम्बन्धी रणनीति कार्यान्वयनको कार्यनीति:</u>

**कार्यनीति १:** स्वयंसेवा गर्न चाहने व्यक्ति तथा संस्थाहरूलाई आवश्यक जानकारी सहजरूपमा उपलव्ध हुने, सरल तरिकाले सम्पर्क गर्न सकिने र सेवा गर्न जान सहजीकरण गर्ने गरी युवा तथा खेलकुद मन्त्रालयमा एकीकृत स्वयंसेवा मैत्री संयन्त्रको रूपमा राष्ट्रिय स्वयंसेवा सचिवालय स्थापना गरिने छ।

**कार्यनीति २:** सरकारी नीति नियममा भएका प्रावधान तथा प्रक्रियाहरूले स्वयंसेवक परिचालन गर्ने सन्दर्भमा बाधा सिर्जना गरेमा त्यसलाई समीक्षा गरी सुधार गरिने छ।

**कार्यनीति ३:** स्वयंसेवकहरूले गरेको कामलाई मान्यता प्रदान गर्ने र उपलव्धिहरूको अभिलेख राखिने छ।

**कार्यनीति ४:** स्वयंसेवकहरूको सेवा ग्रहण गर्ने सङ्घ-संस्था तथा निकायहरूले स्वयंसेवकहरूलाई दिनु पर्ने कार्य विवरण, उनीहरूको सेवा, सुविधा र सुरक्षा तथा कार्य वातावरण सम्बन्धमा आवश्यक निर्देशिका (guidelines) तयार पारी लागु गरिने छ।

**कार्यनीति ५:** स्वयंसेवक तथा सेवाग्राही दुवै पक्षका लागि सहज हुने खालको स्वयंसेवा परिचालन सम्बन्धी बेग्लै कानून तर्जुमा गरी लागु गरिने छ।

**कार्यनीति ६:** स्वयंसेवक तथा सेवाग्राही दुवै पक्षले पालना गर्नु पर्ने आचार संहिता बनाई लागु गरिने छ।

**कार्यनीति ७:** स्वदेशी तथा विदेशी स्वयंसेवा प्रदायक तथा परिचालक सङ्घ-संस्था तथा निकायहरूसँग समन्वय र सहकार्य गरिने छ।

**कार्यनीति ८:** स्वयंसेवक परिचालन गर्ने संस्थाहरूको स्थापना, सुसञ्चालन र क्षमता विकास गर्न आवश्यक सहयोग गरिने छ ।

**कार्यनीति ९:** स्वयंसेवक परिचालनका सम्बन्धमा नेपालमा कार्यरत अन्तर्राष्ट्रिय नियोग, दातृ निकाय, सहयोगी राष्ट्र तथा विकास साझेदारहरुसँग स्वयंसेवा कार्यक्रमको असल अभ्यासबारे अनुभव आदान प्रदान गरिनुका साथै स्वयंसेवकहरू उपलब्ध गराउनेबारे सहकार्य गरिने छ ।

**३) नीति प्रावधान (policy statement) ३: समाजमा स्वयंसेवा गर्नेहरूको आत्मसम्मान र प्रतिष्ठा वृद्धि गरिने छ ।**

<u>नीतिगत प्रावधान (policy statement) ३ सम्बन्धि कार्यान्वयनको रणनीति:</u>

**रणनीति १:** स्वयंसेवी तथा उनीहरूले गर्ने कामको पहिचान हुने व्यवस्था गरी स्वयंसेवाको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउनेलाई सार्वजनिक सम्मानद्धारा उनीहरूको सामाजिक प्रतिष्ठा बढाउने व्यवस्था गरिने छ ।

<u>नीति प्रावधान (policy statement) ३ सम्बन्धी रणनीति कार्यान्वयनको कार्यनीति:</u>

**कार्यनीति १:** स्वयंसेवाका माध्यमबाट समाजमा योगदान पुऱ्याएका व्यक्तिहरूको पहिचान गर्ने तथा उनीहरुको विस्तृत विवरण तयार गरी निजहरूले हासिल गरेका उपलब्धि, प्रगति तथा अनुभवको बारेमा विभिन्न माध्यम (सञ्चार माध्यम, मेला, महोत्सव आदि) बाट सार्वजनिक जानकारीका लागि प्रसारित गरिने छ ।

**कार्यनीति २:** स्वयंसेवाको माध्यमद्वारा परोपकारको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिहरूलाई उपयुक्त सम्मान, पदक तथा पुरस्कार प्रदान गरी उनीहरूको योगदानको कदर गरिने छ ।

**कार्यनीति ३:** स्वयंसेवा परिचालन गर्ने संस्थाहरुले वार्षिक रूपमा स्वयंसेवा दिवस मनाउने र स्वयंसेवीहरूलाई प्रोत्साहन हुने खालका विविध कार्यक्रमहरूको आयोजनाको व्यवस्था गर्ने छ ।

**कार्यनीति ४:** स्वयंसेवा मार्फत विविध क्षेत्रमा प्राप्त उपलब्धि तथा राष्ट्रिय उत्पादनमा पुगेको योगदानका सम्बन्धमा अध्ययन, अनुसन्धान गरेर नियमित रूपमा तथ्याङ्क प्रकाशित गरिने छ ।

**कार्यनीति ५**: निश्चित अवधिसम्म स्वयंसेवा गरेका व्यक्तिलाई स्वयंसेवा गरेको कार्यावधिलाई कार्य अनुभवको रूपमा गणना गरी यस्ता व्यक्तिहरूलाई अन्य उपयुक्त सुविधा र मान्यता दिने व्यवस्था गरिने छ ।

**४) नीति प्रावधान (policy statement) ४: स्वयंसेवाका महत्वपूर्ण क्षेत्रहरू पहिचान गरी स्वयंसेवाका कार्यहरूलाई विविधीकरण गरिने छ ।**

नीति प्रावधान (policy statement) ४ सम्बन्धी कार्यान्वयनको रणनीतिः

**रणनीति १**: स्वयंसेवालाई विविधीकरण गरी बढीभन्दा बढी क्षेत्र, वर्ग, व्यक्ति र संस्थाहरूलाई स्वयंसेवा कार्यक्रममा अर्थपूर्ण ढङ्गले सहभागी गराइने छ ।

**रणनीति २**: यौनिक, जातीय, वर्गीय लगायतका आधारमा सीमान्तकृत वा पछाडि पारिएका समुदायलाई विशेष ध्यान दिइने छ ।

नीति प्रावधान (policy statement) ४ सम्बन्धी रणनीति कार्यान्वयनको कार्यनीतिः

**कार्यनीति १**: स्वयंसेवा गर्न चाहनेहरूलाई उनीहरुको चाख अनुरुप विभिन्न क्षेत्रगत, विधागत र विषयगत सेवामा काम गर्न प्रोत्साहित गरिने छ ।

**कार्यनीति २**: कार्यस्थलमा नगई घरैबाट (work from home) सेवा प्रदान गर्न चाहने स्वयंसेवकहरुको लागि घरबाटै काम गर्न मिल्ने कामको पहिचान गरी त्यस प्रकारका कार्यमा उनीहरूलाई प्रोत्साहित गरिने छ ।

**कार्यनीति ३**: प्रविधिको प्रयोग गरेर सेवा प्रदान गर्न मिल्ने काममा अनलाइनका माध्यमबाट स्वयंसेवा गर्ने अवसर उपलव्ध गराइने छ ।

**कार्यनीति ४**: विषय विज्ञहरूलाई सहजता र उपयुक्तताका आधारमा छोटो वा लामो समय वा साँझ बिहानको आँशिक समयमा स्वयंसेवकको रूपमा सेवा प्रदान गर्न मिल्ने व्यवस्था गरी सामाजिक सेवामा संलग्न हुन प्रोत्साहित गरिने छ ।

**कार्यनीति ५**: व्यक्तिहरुमा भएको सीप र ज्ञानको उपयोग गरी राष्ट्र र समाजको विकासमा सहयोग पुग्ने काममा स्वयंसेवक परिचालन गर्नका लागि कुन कामका लागि कस्तो ज्ञान र सीप भएको जनशक्ति आवश्यक पर्छ किटान गरी निम्न क्षेत्रमा स्वयं सेवा परिचालन गरिने छ ।

- स्वास्थ्य सेवा सम्वन्धी,
- सार्वजनिक निर्माण तथा प्रविधि सम्वन्धी,
- योजना, व्यवस्थापन, कानून र अनुसन्धान क्षेत्र सम्वन्धी,
- शिक्षा तथा प्रचार प्रसार सम्वन्धी,
- कृषि वन तथा पशुक्षेत्र सम्वन्धी,
- सामुदायिक विकास सम्वन्धी,
- आकास्मिक तथा प्रकोप सम्वन्धी आदि ।

**५) नीति प्रावधान (policy statement) ५: रोजगारीमा पहुँच नभएका युवा वर्गहरूका लागि युवा लक्षित विशेष स्वयंसेवाका कार्यक्रमहरू सञ्चालन गरिने छ ।**

नीति प्रावधान (policy statement) ५ सम्बन्धी कार्यान्वयनका रणनीति:

**रणनीति १:** श्रमको मर्यादा र सम्मानको संस्कार विकास गर्न युवाहरुलाई विभिन्न तालिमका माध्यमद्वारा सीपमूलक क्षमताको विकास गरी उनीहरूलाई विशेष स्वयंसेवाका कार्यक्रमहरूमा सहभागी गराउने कार्यविधि बनाई सङ्घ, प्रदेश र स्थानीय सरकारद्वारा संचालन गरिने छ ।

नीति प्रावधान (policy statement) ५ सम्बन्धी रणनीति कार्यान्वयनका कार्यनीति:

**कार्यनीति १**ः सङ्घ, प्रदेश र स्थानीय सरकारको तर्फबाट रोजगारीमा संलग्न नभएका शिक्षित युवाहरूको तथ्याङ्क संकलन गरी आवश्यक तालिम समेत प्रदान गरेर उनीहरूको ज्ञान, सीप र क्षमता विकास गरी दुर्गम ग्रामीण भेगमा खट्किरहेको जनशक्ति अभावको समस्यालाई सम्वोधन गर्ने लक्ष्यका साथ विशेष स्वयंसेवा कार्यक्रमहरू सञ्चालन गरिने छ ।

**कार्यनीति २**ः श्रमको मर्यादा र सम्मानको संस्कार विकास गर्न युवाहरुको अभिलेख व्यवस्थापन गरी इच्छुक युवा लाई लक्षित स्वयंसेवाका कार्यक्रममा सहभागी गराइने छ ।

**कार्यनीति ३**ः रोजगार प्रवर्द्धनका लागि सञ्चालित हुने सरकारी विषेश स्वयंसेवा कार्यक्रममा सहभागी हुनेहरूका लागि न्यूनतम निर्वाह खर्च र आवासको प्रबन्ध पनि गर्न सकिनेछ । यस्तो खर्च कुनै प्रायोजक वा सेवा लिने संस्था वा निकाय वा सरकारी बजेटमा व्यवस्था भए बमोजिम व्यहोर्ने प्रबन्ध गरिने छ ।

**कार्यनीति ४**: विशेष स्वयंसेवा कार्यक्रममा सहभागी हुन तोकिएको योग्यता प्राप्त गरेका युवाहरूलाई सबै तहका सरकारबाट समान अवसर प्रदान गरिने छ ।

**६) नीति प्रावधान** (policy statement) **६: निजी क्षेत्रमा कार्यरत व्यावसायिक प्रतिष्ठानका कर्मचारीहरूलाई स्वयंसेवाका कार्यक्रमहरूमा सहभागी हुन प्रोत्साहित गरिने छ ।**

नीति प्रावधान (policy statement) ६ सम्बन्धी कार्यान्वयनको रणनीति:

**रणनीति १**: निजी क्षेत्रका व्यावसायिक प्रतिष्ठानहरुलाई उनीहरूको 'संगठित सामाजिक उत्तरदायित्व' (social corporate responsibitiy) कार्यक्रम अन्तर्गत स्वयंसेवा कार्यक्रमलाई पनि समावेश गरी सामाजिक परिवर्तनको लक्ष्यसंग जोड्न प्रेरित गरिने छ ।

नीति प्रावधान (policy statement) ६ सम्बन्धी रणनीति कार्यान्वयनका कार्यनीति:

**कार्यनीति १**: निजी क्षेत्रका व्यावसायिक प्रतिष्ठानमा कार्यरत कर्मचारी तथा कामदारहरूलाई स्वयंसेवा कार्यक्रममा सहभागी हुन पाउने गरी संस्थागत व्यवस्था गर्न निजी क्षेत्रका माहासंघहरुसंग सहकार्य गरी आबक्यक व्यवस्था मिलाईने छ ।

**कार्यनीति २**: स्वयंसेवा गर्न जाने निजी क्षेत्रका कर्मचारी तथा कामदारहरूलाई रोजगारदाताले प्रतिष्ठानमा सेवा गरे सरह मान्यता दिई तलव भत्ता लगायतका सुविधा यथावत पाउने व्यवस्थाको लागि महासंघहरुसंग सहकार्य गरी सुनिश्चितता गरिने छ ।

**कार्यनीति ३**: निजि क्षेत्रका कर्मचारीहरूलाई सामाजिक उत्तरदायित्व अन्तर्गत स्वयंसेवामा सहभागी गराउने सम्बन्धमा सहजीकरण गरिदिन निजी क्षेत्रका व्यवसायिक प्रतिष्ठानहरूको प्रतिनिधित्व गर्ने सङ्घ-संस्था वा सङ्गठनहरूसँग छलफल गरी उपयुक्त प्रबन्ध गरिने छ ।

**कार्यनीति ४**: सङ्गठित सामाजिक उत्तरदायित्व अन्तर्गत विनियोजित स्रोत साधनलाई स्वयंसेवाका कार्य सञ्चालनका लागि परिचालन गर्न सम्बन्धित क्षेत्रसँग सहकार्य गरिने छ ।

**७) नीति प्रावधान (policy statement) ७: शैक्षिक प्रतिष्ठानहरूसँग सहकार्य गरी विद्यार्थीहरूलाई स्वयंसेवाका कार्यक्रमहरूमा सहभागी गराई स्वयंसेवा अभियानलाई विस्तार गरिने छ ।**

नीति प्रावधान (policy statement) ७ सम्बन्धी कार्यान्वयनको रणनीतिः

**रणनीति १**: विद्यालय तथा विश्वविद्यालयका शैक्षिक कार्यक्रम तथा अतिरिक्त क्रियाकलापमा स्वयंसेवाका कार्य पनि समावेश गर्न सरोकारवालाहरुसंग आवश्यक समन्वय गरिने छ ।

नीति प्रावधान (policy statement) ७ सम्बन्धी रणनीति कार्यान्वयनको कार्यनीतिः

**कार्यनीति १**: सङ्घ, प्रदेश र स्थानीय सरकारको समन्वयमा शैक्षिक निकाय तथा सङ्घ-संस्थाहरूले स्वयंसेवा कार्यक्रम सञ्चालन गर्ने व्यबस्था गरिने छ ।

**कार्यनीति २**: विद्यार्थीहरूवाट सम्पादन हुने स्वयंसेवाका कार्यहरूलाई उनीहरुको शैक्षिक उपाधि हासिल गर्ने प्रयोजनका लागि समेत मूल्याङ्कनको आधार मान्ने व्यवस्था मिलाइने छ ।

**कार्यनीति ३**: शैक्षिक कार्यक्रम अन्तर्गत सञ्चालन हुने स्वयंसेवाका कार्यक्रम कार्यन्वयन गर्न सम्बन्धित निकायहरु मार्फत आवश्यक मार्गदर्शन र कार्यविधि तयार पारिने छ ।

**कार्यनीति ४:** विश्वविद्यालयहरु संगको समन्वयमा उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरूलाई उनीहरूको अतिरिक्त शैक्षिक क्रियाकलाप अन्तर्गत ग्रामीण भेगका विद्यालयहरूमा गएर निश्चित अवधिका लागि विद्यालयले आवश्यक ठानेका विषयमा अध्यापन गराउने व्यवस्था गरिनेछ । पेशागत सीपसंग जोडिएको विषयमा सम्बन्धित क्षेत्रमा इन्टर्नसिप समेत गर्न सकिने व्यवस्था गरिने छ ।

**८) नीति प्रावधान** (policy statement) **८: सेवा निवृत्त राष्ट्रसेवक कर्मचारीहरूलाई स्वयंसेवाका कार्यक्रमहरूमा सहभागी गराई निजहरूमा रहेको ज्ञान, सीप र अनुभवको राष्ट्र निर्माणमा उपयोग गरीने छ ।**

नीति प्रावधान (policy statement) ८ सम्बन्धी कार्यान्वयनको रणनीतिः

**रणनीति १**: सेवानिवृत्त राष्ट्रसेवक कर्मचारी तथा जेष्ठ नागरिकहरूलाई स्वयंसेवा कार्यक्रममा सहभागी हुन प्रोत्साहित गर्न आवश्यक प्रवन्ध गरिने छ ।

नीति प्रावधान (policy statement) ८ सम्बन्धी रणनीति कार्यान्वयनको कार्यनीतिः

**कार्यनीति १**: सेवानिवृत्त राष्ट्रसेवक कर्मचारीहरू तथा अन्य जेष्ठ नागरिकहरूलाई उनीहरूको इच्छा तथा विज्ञता ज्ञान, सीप र अनुभवका आधारमा स्वयंसेवा कार्यक्रममा सहभागी गराउन इच्छुकहरुको

सुची तयार गरी उनीहरुको इच्छा अनुसार सङ्घ, प्रदेश र स्थानीय सरकारले सहजीकरण गर्ने व्यवस्था मिलाइने छ ।

**कार्यनीति २**: सेवा निवृत्त राष्ट्रसेवक कर्मचारीहरू तथा अन्य जेष्ठ नागरिकहरूलाई निजहरूको इच्छा बमोजिम स्वयंसेवाका कार्यक्रमहरूमा संलग्न गराउने सम्बन्धमा सम्बन्धित सरोकारवालाहरूसँग सहकार्य गरी सो सम्बन्धमा कार्यविधि तयार पारि लागु गरिने छ ।

**कार्यनीति ३**: सेवा निवृत्त राष्ट्रसेवक कर्मचारीहरू तथा अन्य जेष्ठ नागरिकहरुको विज्ञता, सीप र अनुभव झल्किने गरी नामावली सहितको विवरण (रोष्टर) तयारी र यस्ता स्वयंसेवक उपयोग गर्ने संघ संस्था पहिचान गरी त्यसैको आधारमा माग भएको ठाउँमा निजहरूको इच्छा बमोजिम स्वयंसेवकको रूपमा परिचालन गर्ने व्यवस्था मिलाइने छ ।

**९) नीति प्रावधान (policy statement) ९: गैर आवासीय नेपालीहरूको ज्ञान, सीप र अनुभवलाई राष्ट्र निर्माणमा उपयोग गर्न निजहरूलाई स्वयंसेवाका कार्यक्रममा सहभागी हुन उत्प्रेरित गरिने छ ।**

नीति प्रावधान (policy statement) ९ सम्बन्धी कार्यान्वयनको रणनीतिः

**रणनीति १**: गैर आवासीय नेपालीहरूलाई केही समय नेपालमा आएर उनीहरूको ज्ञान, सीप र अनुभवको आधारमा स्वयंसेवाका कार्यहरूमा सहभागी हुन प्रोत्साहित गरिने छ ।

नीति प्रावधान (policy statement) ९ सम्बन्धी रणनीति कार्यान्वयनको कार्यनीतिः

**कार्यनीति १**: गैर आवासीय नेपालीहरूलाई नेपालमा स्वयंसेवा गर्ने सम्भाव्य क्षेत्र पहिचान गरी ती क्षेत्रहरुसंग समन्वय गरेर अनुकूल वातावरण निर्माण गरी निजहरूको सहभागिता सुनिश्चित गर्न र सहजीकरण गर्न गैर आवासीय नेपाली सङ्घ र अन्य सम्वद्ध सङ्-संस्थाहरूसँग सहकार्य गरिने छ ।

**कार्यनीति २**: स्वयंसेवा गर्न आउने गैर आवासीय नेपालीहरूलाई लाग्ने भिसा शुल्क मिनाहा वा छुट गर्ने र अन्य प्रकृयागत जटिलता लाई सरलिकरण गरिने छ ।

**कार्यनीति ३**: गैर आवासीय नेपालीहरूलाई स्वयंसेवाका कार्यक्रममा परिचालन गर्ने सम्बन्धी आवश्यक कार्यविधि तयार पारिने छ ।

**१०) नीति प्रावधान** (policy statement) **१०: स्वयंसेवा कार्यक्रमलाई पर्यटनसँग आवद्ध गरी पर्यटन प्रवर्द्धनमा उल्लेख्य योगदान पुऱ्याइने छ।**

नीति प्रावधान (policy statement) १० सम्बन्धी कार्यान्वयनको रणनीति:

**रणनीति १**: "स्वयंसेवा पर्यटन" को अवधारण विकास गरी पर्यटनलाई स्वयसेवासँग जोड्ने छ।

नीति प्रावधान (policy statement) १० सम्बन्धी रणनीति कार्यान्वयनको कार्यनीति:

**कार्यनीति १:** "स्वयंसेवा पर्यटन" कार्यक्रम अन्तर्गत विदेशीका साथै आन्तरिक पर्यटकहरूलाई पनि सहभागी हुने कार्यविधि र कार्य योजना बनाई लागु गरिने छ।

**कार्यनीति २**: स्वयंसेवा कार्यक्रम सञ्चालन तथा प्रवर्द्धन गर्न पर्यटन व्यवसायी र सो सँग सम्बन्धित सरकारी तथा निजी क्षेत्रका निकायहरूको बिचमा समन्वय र सहकार्य गर्ने वातावरण बनाईने छ।

**११) नीति प्रावधान** (policy statement) **११: स्वयंसेवा कार्यक्रमलाई सरकारी योजना तथा कार्यक्रममा समावेश गरी सामाजिक उत्थानको महत्वपूर्ण अङ्गको रुपमा स्थापित गरिने छ।**

नीति प्रावधान (policy statement) ११ सम्बन्धी कार्यान्वयनको रणनीति:

**रणनीति १:** स्वयंसेवा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन र उपयोग गर्ने सन्दर्भमा सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरूको बिचमा समन्वय र सहकार्यप्रबर्धन गरिने छ।

नीति प्रावधान (policy statement) ११ सम्बन्धी रणनीति कार्यान्वयनको कार्यनीति:

**कार्यनीति १:** सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरूले दीर्घकालीन एवम् वार्षिक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्दा स्वयंसेवा कार्यक्रमलाई पनि प्रवर्द्धन, प्रोत्साहन र परिचालन गर्ने सम्बन्धी नीति, योजना तथा कार्यक्रमलाई समेत समावेश गराउने व्यवस्था मिलाइने छ।

**कार्यनीति २**: सरकारी योजना तथा कार्यक्रम तयार गर्दा स्वयंसेवकहरू परिचालन गरेर कार्यान्वयन गर्ने कार्यक्रमहरू पनि समावेश गरेर आवश्यक स्वयंसेवकहरूको संख्या, स्तर र योग्यता समेत निर्क्यौल गर्ने प्रबन्ध गरिने छ।

**कार्यनीति ३**: स्वयंसेवक परिचालन गर्ने संस्थाहरू र स्वयंसेवा सञ्चालन गर्ने निकायहरूसँग समन्वयगरी स्वयंसेवकहरू मार्फत् कार्यान्वयन गरिने कार्यक्रमहरूका लागि आवश्यक स्वयंसेवक आपूर्ति गरिने छ।

**१२) नीति प्रावधान** (policy statement) **१२: स्वयंसेवक परिचालन गर्ने संस्थाहरूलाई प्रवर्द्धन र प्रोत्साहन गरिने छ ।**

नीति प्रावधान (policy statement) १२ सम्बन्धी कार्यान्वयनको रणनीति:

**रणनीति १:** कुनै विषय वा विधागत, क्षेत्रगत, वा पेशा, सीप, ज्ञान तथा अनुभवका आधारमा स्वयंसेवा गर्न मानिसहरूलाई प्रेरित तथा परिचालन गर्ने संस्थाहरू स्थापना र सञ्चालन गर्न प्रोत्साहित गरिने छ ।

नीति प्रावधान (policy statement) १२ सम्बन्धी रणनीति कार्यान्वयनको कार्यनीति:

**कार्यनीति १**: सामाजिक, सामुदायिक, पेशागत, शैक्षिक, प्राज्ञिक, व्यावसायिक, आदि सेवामूलक गैर सरकारी सङ्घ, संस्था, प्रतिष्ठानहरूलाई स्वयंसेवक परिचालन इकाई स्थापना गरी स्वयंसेवक परिचालन गरिने छ ।

**कार्यनीति २**: स्वयंसेवक परिचालन गर्ने संस्थाहरूमार्फत स्वयंसेवा गर्न इच्छुक व्यक्तिहरूको विवरण सङ्कलन तथा अद्यावधिक गरी माग भए अनुसार अनुसार स्वयंसेवकहरू आपूर्ति गर्ने व्यवस्था मिलाइने छ ।

**कार्यनीति ३**: स्वयंसेवक परिचालन गर्ने संस्थाहरूमार्फत् स्वयंसेवकहरूले पालना गर्नु पर्ने आचार संहिताका साथै निजहरूले प्रदान गर्ने सेवा सम्बन्धी आवश्यक प्रशिक्षण दिने व्यवस्था मिलाउन लगाइने छ ।

**कार्यनीति ४**: स्वयंसेवकहरू परिचालनका लागि आवश्यक पूर्वाधार तयार पार्न सहयोग गरिने छ ।

**कार्यनीति ५**: सुविधा सहितको स्वयंसेवा भएमा स्वयंसेवकहरूले पाउने त्यस्तो सुविधा उपलब्ध गराउन आवश्यक सहजीकरण गर्न वा त्यस्तो प्रबन्ध मिलाउन स्वयंसेवक परिचालन गर्ने संस्थाहरूलाई जिम्मेवार बनाइने छ ।

**कार्यनीति ६**: स्वयंसेवक परिचालन गर्ने संस्थाहरूको क्षमता विकास तथा सञ्चालनमा प्राविधिक तथा अन्य सहयोग गरिने छ ।

**कार्यनीति ७**: राष्ट्रिय स्वयंसेवा परिषद्को सचिवालयले स्वयंसेवक परिचालन गर्ने संस्थाहरूसँग सम्पर्क र समन्वय गर्नुका साथै त्यस्ता संस्थाहरूको अनुगमन र सुपरीवेक्षण गर्ने व्यवस्था मिलाइने छ ।

**१३) नीति प्रावधान (policy statement) १३: स्वयंसेवा कार्यक्रमलाई सुरक्षित, अनुशासित, व्यवस्थित, मर्यादित र आत्मसम्मान योग्य बनाइने छ ।**

नीति प्रावधान (policy statement) १३ सम्बन्धी कार्यान्वयनको रणनीति:

**रणनीति १:** स्वयंसेवकको अधिकारको संरक्षण तथा सुनिश्चितताको प्रत्याभूति हुने वातावरणको सिर्जना गरी उनीहरूले पालना गर्नु पर्ने कर्तव्य तथा आचरणहरूका सम्बन्धमा पनि सचेत र सजग बनाउने कार्यहरू गरिने छ ।

नीति प्रावधान (policy statement) १३ सम्बन्धी रणनीति कार्यान्वयनका कार्यनीति:

**कार्यनीति १**: स्वयंसेवा सम्बन्धी ऐन, नियम, कार्यविधि र मार्गदर्शक निर्देशिकाहरू बनाई वा भएकाहरु बीच तालमेल मिलाई विभिन्न सङ्घ-संस्थामा हुन पाउने आवद्धता, भेदभावरहित व्यवहार, पहिचानको अधिकार, स्वस्थ्य तथा सुरक्षित कार्य वातावरणको अधिकार, प्रशिक्षणको अधिकार लगायत स्वयंसेवकका आधारभूत हक अधिकारहरूको प्रत्याभूति गरिने छ ।

**कार्यनीति २**: स्वयंसेवा उपलब्ध गराउने, परिचालन गर्ने, सेवा ग्रहण गर्ने संस्था तथा निकायहरूले पालना गर्नु पर्ने तथा स्वयंसेवकहरूले पालना गर्नु पर्ने कर्तव्य तथा आचरणका सम्बन्धमा देहाय बमोजिमका बुँदाहरूलाई समावेश गरी स्वयंसेवा सञ्चालन सम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

(क) स्वयंसेवा सम्बन्धी नीति नियमको पालना गर्ने बारे ।

(ख) स्वयंसेवकको रूपमा आवद्ध भएको संस्थाको नीति नियम र शर्तहरूको पालना गर्ने बारे ।

(ग) स्वयंसेवकको रूपमा आवद्ध संस्थाप्रति सम्मान गर्ने र संस्था स्वयंले त्यस प्रकारको वातावरण निर्माण गर्ने बारे ।

(घ) स्वयंसेवकले आफू आवद्ध भएको संस्थाको गोपनीयता कायम गर्ने गराउने बारे ।

(ङ) आर्थिक लाभको अपेक्षा बारे ।

(च) सेवाग्राहीप्रति उचित व्यवहार र सम्मान गर्ने बारे ।

(छ) स्वयंसेवकले आफू आवद्ध संस्थाको साधन स्रोतको सदुपयोग गर्ने गराउने बारे ।

(ज) स्वयंसेवा उपलब्ध गराउने तथा परिचालन गर्ने गराउने सङ्घ-संस्था वा व्यक्तिले निजहरूको दुरुपयोग गरी आर्थिक लाभ लिन नहुने बारे ।

(झ) स्वयंसेवकहरूलाई कसैका विरुद्धमा सुराकी गर्न, सूचना सङ्कलन गर्न वा जनमत सिर्जना गर्न निजहरूको दुरूपयोग गर्न नहुने बारे ।

(ञ) स्वयंसेवकहरूले लैंगिक तथा जातीय विभेद र हिंसा हुने किसिमको भाषाको प्रयोग र व्यवहार गर्न, जातीय द्वेष फैलाउने, सामाजिक तथा धार्मिक सद्भाव बिथोल्ने, धर्म परिवर्तन गराउने वा अमूक धर्मको प्रचार-प्रसार गर्ने गराउने तथा कानूनद्वारा बर्जित गरिएको वस्तुको ओसारपसार गर्ने गराउने लगायतका क्रियाकलाप गर्न नहुने बारे ।

(ट) स्वयंसेवा उपलब्ध गराउने तथा परिचालन गर्ने गराउने सङ्घ-संस्था वा व्यक्तिले स्वयंसेवकहरूलाई कानूनद्वारा बर्जित गरिएका तथा नेपालको मौलिक संस्कारको प्रतिकूल हुने कार्यमा संलगन गर्न गराउन नपाइने बारे ।

**१४) नीति प्रावधान** (policy statement) **१४: स्वयंसेवा कार्यक्रमलाई परिवर्तित सन्दर्भमा “समृद्ध नेपाल, सुखी नेपाली”को आकाङ्क्षासँग जोडी राष्ट्रिय लक्ष्य हासिल गर्ने अभियानमा योगदान पुऱ्याइने छ ।**

नीति प्रावधान (policy statement) १४ सम्बन्धी कार्यान्वयनको रणनीतिः

**रणनीति १:** यस नीति मार्फत् स्वयंसेवालाई व्यवस्थित, मर्यादित र सम्मान योग्य बनाउदै समाज सेवाको एक आकर्षक माध्यमको रूपमा विकास गरी कुल गार्हस्थ्य उत्पादनमा समेत योगदान पुऱ्याइने छ ।

नीति प्रावधान (policy statement) १४ सम्बन्धी रणनीति कार्यान्वयनको कार्यनीतिः

**कार्यनीति १:** स्वयंसेवकहरू परिचालन गरिने विभिन्न क्षेत्रबाट राष्ट्रिय ढुकुटीको बचतमा योगदान पुऱ्याइने छ ।

**कार्यनीति २**: शिक्षा, स्वास्थ्य, खाने पानी, कृषि, सरसफाई, पुनःनिर्माण, सीप विकास तालिम, खोज, उद्धार तथा अनुसन्धान लगायतका क्षेत्रमा अल्पकालीन वा दीर्घकालीन रूपमा सम्भव भएसम्म यस नीतिको दायराभित्र रही स्वयंसेवीहरूको परिचालन गरी तत् तत् क्षेत्रमा राष्ट्रिय कोषबाट हुने खर्चको केही अंश बचत गरिने छ ।

**कार्यनीति ३**: राज्यको ढुकुटीबाट सञ्चालन हुने विकास निर्माणका विभिन्न परियोजनाहरूका निश्चित प्रतिशत काम वा निश्चित दिनको काम स्वयंसेवकहरूमा निहित ज्ञान, सीप र अनुभवको आधारमा निजहरू मार्फत् गर्न गराउन प्रोत्साहित गरिने छ ।

**१५) नीति प्रावधान** (policy statement) **१५: विपतको अवस्थामा आपतकालीन स्वयंसेवा परिचालन गर्ने ।**

नीति प्रावधान (policy statement) १५ सम्बन्धी कार्यान्वयनको रणनीति:

**रणनीति १**: स्वयंसेवक भई काम गर्नसक्ने जनशक्तिलाई आ-आफनो आपतकालीन क्षेत्र वा देशको अन्य क्षेत्रमा गई स्वयंसेवा प्रदान गर्न स्वयंसेवकहरू परिचालन गर्ने संस्थाहरु र स्थानीय सरकार बिच समन्वय र सहकार्यको वातावरण मिलाईने छ।

नीति प्रावधान (policy statement) १५ सम्बन्धी रणनीति कार्यान्वयनको कार्यनीति:

**कार्यनीति १**: सबै स्थानीय सरकारहरु र स्वयंसेवकहरू परिचालन गर्ने संस्थाहरुमा विपतको अवस्थामा आपतकालीन स्वयंसेवा दिन सक्ने र इच्छुक स्वयंसेवकहरूको सूचि तयार र गरी अद्यावधिक गरी राखिनेछ र विपतको अवस्थामा तत्काल परिचालन गरिने छ।

## खण्ड ४. नीति कार्यान्वयनका आधारहरु

### ४.१ संस्थागत संरचना

राष्ट्रिय स्वयंसेवा मार्फत् समाज सेवा गर्ने मौलिक परम्परालाई कायम राख्दै यसलाई राष्ट्र निर्माणको अभिन्न अङ्गको रूपमा विकास तथा विस्तार गर्न तथा स्वयंसेवालाई व्यवस्थित, मर्यादित, सम्मान योग्य र समाज सेवा गर्ने आकर्षक माध्यमको रूपमा विकास तथा विस्तार गर्न देहाय बमोजिमको संस्थागत संरचनाको व्यवस्था गरिएको छ ।

**१ राष्ट्रिय स्वयंसेवा परिषद्**

स्वयंसेवा कार्यक्रमलाई समन्वय र सहजीकरण, संरक्षण, प्रवर्द्धन र विविधीकरण गर्दै यो नीतिलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक निर्देशनार्थ समावेशी सिद्धान्तको आधारमा देहाय बमोजिमको एक राष्ट्रिय स्वयंसेवा परिषदको गठन गरिनेछ ।

| | |
|---|---|
| (१) मन्त्री, युवा तथा खेलकुद मन्त्रालय | अध्यक्ष |
| (२) सातै प्रदेशका सामाजिक विकास मन्त्रीहरू | सदस्य |
| (३) सचिव, युवा तथा खेलकुद मन्त्रालय | सदस्य |
| (४) सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (६) उपाध्यक्ष, समाज कल्याण परिषद | सदस्य |
| (७) प्रमुख राष्ट्रिय विपद न्यूनीकरण तथा जोखीम व्यवस्थापन प्राधिकरण | सदस्य |
| (८) उपाध्यक्ष, राष्ट्रिय युवा परिषद | सदस्य |
| (९) अध्यक्ष, नगरपालिका महासंङ्घ | सदस्य |
| (१०) उपाध्यक्ष, नगरपालिका महासङ्घ | सदस्य |
| (११) अध्यक्ष, गाउँपालिका महासंङ्ग | सदस्य |
| १२) उपाध्यक्ष, गाउँपालिका महासंङ्ग | सदस्य |
| (१३) सभापति, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| १४) सभापति, नेपाल उद्योग परिसङ्ग | सदस्य |
| (१५) नेपालमा दर्ता भएका नेपाल रेड क्रस सोसाइटी, नेपाल स्काउट, राष्ट्रिय सेवा दल, लायन्स क्लब, रोटरी क्लब, नेपाल जेसिस, खानेपानी उपभोक्ता, सामुदायिक वन उपभोक्ता महासंघ लगायतका संघ-संस्थाहरुबाट) (वार्षिक रूपमा परिवर्तनमा) ५ जना | सदस्य |

(१६) स्थानीय एतिहासिक कालदेखि चलेका सामाजिक गुठी, लगायत स्वयंसेवा संस्थाका प्रमुख मध्ये ५ जना सदस्य

(१७) अध्यक्ष, गैर सरकारी माहासङ्घ नेपाल सदस्य

(१८) विश्वविद्यालयका उपकुलपतिहरू मध्येबाट ३ जना सदस्य

(१९) नेपाल महिला उद्यमी महासंघ, लगायत महिला संथाहरुबाट ५ जना सदस्य

(२०) स्वयंसेवाको क्षेत्रमा उल्लेखीय योगदान गरेका महिला मध्ये ५ जना सदस्य

(२१) नेपाल पर्यटन परिषद्को प्रमुख कार्यकारी अधिकृत सदस्य

(२२) सहसचिव (राष्ट्रिय स्वयंसेवा परिषद्को सचिवालयको प्रमुख) युवा तथा खेलकुद मन्त्रालय सदस्य सचिव

राष्ट्रिय स्वयंसेवा परिषद्को बैठकमा आवश्यकता अनुसार विषयगत मन्त्रालयहरुका सचिव/सहसचिवलाई आमन्त्रण गर्न सकिने छ ।

## २. राष्ट्रिय स्वयंसेवा परिषद्ले सम्पादन गर्ने कामको विवरण

राष्ट्रिय स्वयंसेवा परिषद्ले देहाय बमोजिमका जिम्मेवारीहरू बहन गर्नेछः

(क) स्वयंसेवा नीति कार्यान्वयन गर्न आवश्यक कार्यविधि, रणनीतिक, मार्ग निर्देशन र निर्देशिका बनाई लागु गर्ने तथा आवश्यक कानून बनाउन समन्वय गर्ने ।

(ख) स्वयंसेवा कार्यक्रम सम्बन्धी वार्षिक योजना तथा कार्यक्रमहरू बनाई स्वीकृत तथा लागू गर्ने ।

(ग) स्वयंसेवा कार्यक्रम सम्बन्धमा अन्तर-निकायहरू र निजी तथा गैर सरकारी क्षेत्रका संस्थाहहरूको बिचमा समन्वय र आवश्यक मार्गदर्शन दिने ।

(घ) स्वयंसेवा कार्यक्रमका गतिविधि तथा प्राप्त उपलब्धिहरूको समीक्षा गर्ने ।

(ङ) कार्यक्रमको अनुगमन र मूल्याङ्कन गरी कार्यक्रमलाई प्रभावकारी बनाउने ।

(च) स्वयंसेवकहरू तथा स्वयंसेवक परिचालन गर्ने संस्थाहरूको सेवा सुविधा सुरक्षा र आचार संहिता सम्बन्धमा तथा स्वयंसेवक परिचालन गर्ने कार्यविधि स्वीकृति र कार्यान्वायन गर्ने ।

(छ) सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरूको बिचमा समन्वय र सहकार्यको उपयुक्त वातावरण निर्माण गर्ने ।

(ज) आवश्यकता अनुरुप स्वयंसेवा कार्यक्रमसँग प्रत्यक्ष सरोकार राख्ने अन्य मन्त्रालयहरू, प्राज्ञिक, निजी तथा गैर सरकारी क्षेत्रको प्रतिनिधित्व गराउने ।

(झ) स्वयंसेवा कार्यक्रमको उपलब्धिहरू सम्बन्धी अध्ययन तथा समीक्षा गरी प्रतिवेदन तयार गर्ने ।

(ञ) स्वयंसेवा अभियान प्रवर्द्धनका लागि आवश्यक सहजीकरण गर्ने ।

(ट) विभिन्न क्षेत्रमा खटिने स्वयंसेवकहरूका गुनासा तथा अन्य समस्याहरूको तत्काल उचित सुनुवाई गरी सहजीकरण गर्ने ।

(ठ) विपद्को अवस्थामा गृह मन्त्रालय अन्य सम्बन्धित मन्त्रालयहरु र राष्ट्रिय विपद् न्यूनीकरण तथा जोखिम व्यवस्थापन प्राधिकरण सँग समन्यव गरी स्वयंसेवक परिचालन गर्ने ।

**३. राष्ट्रिय स्वयंसेवा परिषदको वैठक**

राष्ट्रिय स्वयंसेवा परिषदको वैठक वर्षमा कम्तिमा दुईपटक बस्नेछ । प्रकोप वा अन्य आपतकालीन अवस्थामा स्वयंसेवक परिचालन गर्नु परेमा आवश्यकता अनुसार थप वैठक बस्न सक्ने छ ।

**४. राष्ट्रिय स्वयंसेवा परिषद सचिवालय र यसका मुख्य कामहरू**

राष्ट्रिय स्वयंसेवा परिषदको सदस्य सचिवको नेतृत्वमा छुट्टै एक राष्ट्रिय स्वयंसेवा सचिवालय रहने छ । युवा तथा खेलकुद मन्त्रालयले राष्ट्रिय स्वयंसेवा परिषदको सदस्य सचिवको लागि पूर्णकालीन सहसचिव तथा आवश्यक कर्मचारी, कार्यालय तथा आवश्यक बजेट उपलब्ध गराउने छ, जस्ले स्वयंसेवा सम्बन्धी सम्पूर्ण कामको समन्वय, प्रवर्द्धन र प्रशासनिक सहजीकरण गर्ने छ ।

यसको जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

(क) स्वयंसेवा सम्बन्धी कार्यक्रम तथा विभिन्न गतिविधिहरूको कार्यान्वायनको अनुगमन तथा मुल्यांकन गर्ने ।

(ख) स्वयंसेवक परिचालन गर्ने संस्थाहरूको बीचमा समन्वय र सहजीकरण गर्ने

(ग) स्वयंसेवा सम्बन्धी अनुसन्धान गर्ने गराउने तथा तथ्याङ्क तथा विविध सूचनाहरू सङ्कलन, प्रशोधन, भण्डारण र वितरण गर्ने ।

(घ) स्वयंसेवाको माग र आपूर्ति तथा अन्य सूचना नियमित अद्यावधिक गर्न 'पोर्टल' सञ्चालन गर्ने गरी उपयोगी जानकारी तथा सूचनाहरू एकीकृत र सहज रूपमा उपलब्ध गराउने ।

(ङ) स्वयंसेवा उपलब्ध गराउने, परिचालन गर्ने र सेवा लिनेहरूको बीचमा सहजीकरण तथा स्वयंसेवा सम्बन्धी प्राविधिक ज्ञान सीप, जानकारी, अनुभव र सूचना आदानप्रदान गर्न सहयोग तथा समन्वय गर्ने ।

(च) स्वयंसेवा दिन चाहने विषय विज्ञहरू, सेवा निवृत्त राष्ट्र सेवक कर्मचारीहरू, जेष्ठ नागरिक तथा अन्य इच्छुक व्यक्तिहरूको विज्ञता, सीप र अनुभव झल्किने गरी पूर्ण विवरण (रोष्टर) तयार गर्ने, त्यसलाई बेलाबेलामा अद्यावधिक गर्ने र स्वयंसेवा लिन चाहनेहरूलाई उपलब्ध गराउने ।

(छ) स्वयंसेवा सम्बन्धी सम्पूर्ण गतिविधि, उपलब्धि, अवस्था र समस्याहरू समेटेर वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रिय स्वयंसेवा परिषद्मा पेश गर्ने ।

(ज) राष्ट्रिय स्वयंसेवा परिषद्को सचिवालयको रुपमा कार्य गर्ने ।

(झ) स्वयंसेवा कार्यक्रमलाई परिचालन गर्न, माग सङ्कलन गर्न, मागको आधारमा उपलब्ध गराउने प्रयोजनलाई सहज, सरल र पारदर्शी बनाउन तथा स्वयंसेवकहरूको सेवा, सुविधा र सुरक्षा सम्बन्धी व्यवस्था गर्न आवश्यक कार्यविधि, मार्गदर्शन तथा निर्देशिकाहरू तयार गर्ने ।

(ञ) स्वयंसेवकहरूको परिचालनलाई सरल र सहज बनाउन प्रशासनिक प्रकृयाहरू सुधारको नेतृत्व गर्ने ।

(ट) सामाजिक तथा सामुदायिक सेवामूलक सङ्घ-संस्था, पेशागत सङ्घ सङ्गठन, शैक्षिक तथा प्राज्ञिक संस्था, निजी उद्यमी व्यवसायीहरूको सङ्घ-सङ्गठन, गैर आवासीय नेपालीहरूको संस्था, विदेशी स्वयंसेवक प्रदायक नियोग लगायत सम्वद्ध सरोकारवाला सङ्घ, संस्था, निकायहरूको सहयोग, सहभागिता तथा सहकार्यबाट यस नीतिको प्रभावकारी कार्यान्वयन गराउने ।

(ठ) स्वयंसेवा सम्बन्धी अन्य सम्पूर्ण कामहरुको समन्वय सहजीकरण र नेतृत्व गर्ने ।

### ४.२. वित्तीय स्रोत व्यवस्थापन

यस नीतिको कार्यान्वयनको लागि आवश्यक पर्ने आर्थिक स्रोत युवा तथा खेलकुद मन्त्रालयबाट बार्षिक बिनियोजित बजेट मार्फत उलब्ध हुने छ । साथै युवा तथा खेलकुद

मन्त्रालय मातहत सञ्चालनमा रहेका कार्यक्रम तथा योजनाहरू परिमार्जन गरेर पनि थप आर्थिक स्रोत व्यवस्थापनका गरिने छ । प्रदेश  सरकार तथा स्थानीय सरकारहरुले आफनो बार्षिक बिनियोजित बजेटबाट ब्यहोर्ने छन । साथै, सङ्घीय, प्रादेशिक र स्थानीय तहका निकायहरूले आ-आफ्नो वार्षिक योजना तथा कार्यक्रम तयार गर्दा स्वयंसेवा कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्था गर्नु पर्ने छ ।  सङ्घीय सरकार र यस अन्तर्गतका सम्वद्ध निकायहरू र प्रदेश सरकार तथा स्थानीय तह बिचको समन्वय, सहकार्य र सहभागितामा यो नीतिको कार्यान्वयन गरिनेछ । गैरसरकारी र निजी क्षेत्रबाट संचालन हुने स्वयंसेवाको लागि आवश्यक स्रोत उनीहरुले व्यहोर्ने छन् ।

## ४.३. भौतिक पूर्वाधार तथा उपकरण

स्वयंसेवालाई परिचालन गर्न कुनै पूर्वाधार तथा उपकरण आवश्यक पर्ने भए राष्ट्रिय स्वयंसेवा परिषद् सचिवालयको नेतृत्वमा सम्बन्धित सरोकारवालाहरुको समन्वयमा व्यवस्था गरिने छ ।

## ४.४. कानूनी व्यवस्था

स्वयंसेवालाई यसको दूरदृष्टि, लक्ष्य तथा उद्देश्य अनुसार व्यवस्थित, मर्यादित, सम्मान योग्य र समाज सेवा विधाको आकर्षक कार्यक्रमको रूपमा विकास गर्न आवश्यकता अनुसार विद्यमान कानूनी व्यवस्थामा सुधार तथा नयाँ कानूनको तर्जुमा गर्न देहाय बमोजिमको गरिने छ ।

(क) स्वयंसेवा कार्यक्रम प्रभावकारीरूपमा  सञ्चालन तथा प्रवर्द्धन गर्न अध्ययन अनुसन्धान र सम्वद्ध सरोकारवालाहरूसँग छलफल तथा परामर्श गरी छुट्टै कानून निर्माण गरिने छ ।

(ख) वर्तमान श्रम, अध्यागमन, राजस्व र कर सम्बन्धी तथा अन्य सम्बन्धित ऐन नियमहरूको अध्ययन गरेर स्वयंसेवा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न बाधा पार्ने प्रावधानहरू आवश्यकताको आधारमा  सम्बन्धित निकायहरुसँग समन्वय गरी संशोधन तथा परिमार्जन गरिने छ ।

(ग) यो नीति बन्नु अगावै कुनै प्रदेश सरकार वा स्थानीय तहले यस नीतिको प्रतिकूल हुने गरी वा यस नीतिसँग बाझिने गरी स्वयंसेवा सम्बन्धी कुनै नीति, कार्यविधि वा

निर्देशिका बनाएको भए त्यसलाई संशोधन, परिमार्जन वा खारेज गरी यस नीतिसँग अनुकूल हुने गरी बनाइने छ।

### ४.५. अर्न्तनीति समन्वय

स्वयंसेवा परिचालन गर्ने संस्थाहरुका सम्बन्धित विभिन्न नीतिहरु बीच समन्वय भएन भने यो स्वयंसेवा नीति कार्यान्वायन हुन कठिन हुने हुनाले ती नीतिहरुको सुक्ष्म समीक्षा गरी त्यहाँ प्रतिकूल प्रावधानहरु रहेको पाईएमा सम्बन्धित मन्त्रालयहरुसँग समन्वय गरी परिमार्जन गरिने छ ।

### ४.६. अर्न्तमन्त्रालय समन्वय

यो नीतिको प्रभावकारी कार्यान्वयन शुनिश्चित गर्न यो स्वयंसेवा नीतिमा उल्लेख भएका र संलग्न मन्त्रालयहरु र तिनीहरु मातहतका कार्यालयहरु बिचको समन्वय अपरिहार्य भएकोले सम्बन्धित मन्त्रालयहरु र र तिनीहरु मातहतका कार्यालयहरुसँग समन्वय गरिने छ ।

### ४.७. जोखिम व्यवस्थापन

यो नीतिको कार्यान्वयन पश्चात उत्पन्न हुन सक्ने सम्भाव्य जोखिमलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

(क) राजनीतिक आग्रह पूर्वाग्रह अथवा राजनीतिक दल विशेषको स्वार्थबाट प्रेरित भएर स्वयंसेवा कार्यक्रम सञ्चालन हुन सक्ने ।

(ख) कुनै काम गर्ने जिम्मेवारी लिएर नियुक्त भएका पदाधिकारी वा कर्मचारी वा कामदारबाट सम्पादन हुनु पर्ने कामहरू स्वयंसेवकहरूबाट गराउने प्रवृत्तिले प्रश्रय पाउन सक्ने र त्यसले रोजगारी सिर्जनमा असर पर्न गई स्वयंसेवाप्रति नै नकारात्मक धारणा बन्न सक्ने ।

(ग) स्वयंसेवकबाट सम्पादन भएको कामको पनि सरकारी कोषमा खर्च देखाई भ्रष्टाचार हुन सक्ने ।

(घ) स्वयंसेवीहरू स्वयंसेवाका नाममा राज्यका कानून तथा प्रचलित मान्यता अनुसार निषेधित क्षेत्रहरूमा परिचालित हुन सक्ने, सामाजिक, साँस्कृतिक तथा धार्मिक सद्भावमा खलल पार्ने सक्ने वा राष्ट्रिय एकता, भौगोलिक अखण्डता, सार्वभौमिकतामा आँच आउने खालका गतिविधिमा संलग्न हुन सक्ने ।

(ङ) स्वदेशी तथा विदेशी स्वयंसेवी मार्फत् स्वयंसेवाका नाममा कानूनद्वारा बर्जित गरिएको वस्तु तथा सेवाको ओसारपसार र देह व्यापार हुन सक्ने ।

(च) स्वयंसेवाको नाममा धर्म प्रचार र धर्म परिवर्तन गराउनेहरू सक्रिय हुनसक्ने ।

स्वयंसेवा संचालनका सम्भाव्य जोखिम न्यूनीकरणमा निम्न उपयाहरू प्रस्ताव गरिएको छ ।

(क) स्वयंसेवा गर्न इच्छुक भई राष्ट्रिय 'डाटावेस'मा विवरण प्रविष्ट गराउनेहरू मध्येबाट स्वीकृत कार्यविधिमा उल्लेख गरिएको तथ्यगत विवरणलाई आधार मानेर पारदर्शी तबरबाट मात्रै राज्यका निकायहरु मार्फत संचालन हुने स्वयंसेवामा स्वयंसेवकहरूको छनौट गर्ने ।

(ख) आचार संहिता पालना नगर्ने वा पालना गर्न आलटाल गर्ने स्वयंसेवकलाई कार्यक्षेत्रबाट फिर्ता गर्ने लगायत अन्य कानून बमोजिम कारवाही गर्ने ।

(ग) आवश्यक र योग्य जनशक्ति उपलब्ध नभएको वा नहुने अवस्था आएमा वा तोकिएको क्षेत्रमै खटेर गर्नु पर्ने काम बाहेक स्थायी प्रकारको काम वा सेवा प्रवाहमा विदेशी स्वयंसेवक परिचालन नगर्ने ।

(घ) स्वयंसेवाको माध्यमबाट सम्पादन गरिएका कार्यको अभिलेख राखी उपलब्धिमा गणना गर्ने र अनुगमन तथा मूल्याङ्कनको क्रममा यो सबाल समावेश गरी लागु गर्ने ।

(ङ) प्रचलित कानून अनुसार निषेधित क्रियाकलापहरू जस्तै सामाजिक, साँस्कृतिक, धार्मिक तथा जातीय सद्भावमा खलल पार्ने वा राष्ट्रिय एकता, भौगोलिक अखण्डता र सार्वभौमिकतामा आँच पुऱ्याउने वा धर्म प्रचार र धर्म परिवर्तनमा संलग्न हुने लगायतका क्रियाकलापमा संलग्न हुने स्वयंसेवकहरूलाई तत्काल कार्यस्थलबाट फिर्ता गरी नेपालको प्रचलित कानून बमोजिम कारबाही गर्ने ।

## खण्ड ५. नीति अनुगमन, समीक्षा तथा पुनरावलोकन

नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन स्वयंसेवकहरू परिचालन गर्ने निकायहरु, सम्बन्धित सरोकारवालाहरु, राष्ट्रिय स्वयंसेवा परिषद्को सचिवालयले र सम्बीन्धत मन्त्रालयले गर्नेछन भने नीति समीक्षा तथा पुनरावलोकन मन्त्रालय आफैले वा स्वतन्त्र नीति समीक्षक व्यक्ति वा संस्था मार्फत गरिने छ।

स्वयंसेवाको व्यवस्थापन, परिचान तथा प्रवर्द्धन गर्ने सम्बन्धी यस नीतिको कार्यान्वयनबाट अपेक्षित उपलब्धि वा प्रतिफल हासिल भए नभएको निचोडको लागि नीति अनुसन्धान प्रतिष्ठानले तयार गरेको सार्वजनिक नीति समीक्षाको आधारभूत मार्गदर्शन २०७८ अनुसार नीति समीक्षा गरिने छ। उक्त नीति समिक्षा तथा पूनराबलोकनको आधारमा नीति परिमार्जन गर्ने कि यो नीति खारेजी गरी नया नीति तर्जुमा गर्ने निर्णय गरिने छ। यो नीति कार्यान्वयन भएको छैटौं वर्षमा विष्तृत नीति समीक्षा गरी नीतिको निरन्तरता, परिमार्जन, खारेजी वा नयाँ नीति तर्जुमा सम्बन्धी निर्णय गरिने छ ।

♦♦♦